मिति २०७८/०२/२१ वैठक संख्याः ७०

आज मिति २०७८/०२/२१ गतेका दिन १:०० बजे यस देवघाट गाउँपालिकाका अध्यक्ष श्री दुर्ग बहादुर थापाको ज्युको अध्यक्षतामा देवघाट गाउँकार्यपालिकाको वैठक बस्यो ।

**उपस्थितीः**

| | **नामथर** | **पद** |
|---|---|---|
| १) | श्री दुर्ग बहादुर थापा | गा.पा. अध्यक्ष |
| २) | श्री बिमला थापा | गा.पा. उपाध्यक्ष |
| ३) | श्री श्री नरहरि सापकोटा | सचिव (प्रमुख प्रशासकिय अधिकृत) |
| ४) | श्री भिम बहादुर गुरुङ | १ नं. वडाध्यक्ष |
| ५) | श्री पोल बहादुर आले | २ नं. वडाध्यक्ष |
| ६) | श्री कृतिमान आले | ३ नं. वडाध्यक्ष |
| ७) | श्री पदम बहादुर गुरुङ | ४ नं. वडाध्यक्ष |
| ८) | श्री याल बहादुर गुरुङ | ५ नं. वडाध्यक्ष |
| ९) | श्री चन्द्र प्रकाश वि.क. | गा.का.पा. सदस्य |
| १०) | श्री रत्न बहादुर बोटे | गा.का.पा. सदस्य |
| ११) | श्री बाल कुमारी परियार | गा.का.पा. सदस्य |
| १२) | श्री भोगी माया राना | गा.का.पा. सदस्य |
| १३) | श्री अनिता गुरुङ | गा.का.पा. सदस्य |
| १४) | श्री यम माया गुरुङ | गा.का.पा. सदस्य |

**कर्मचारी उपस्थितीः**

श्री उमानाथ ढकाल (लेखा अधिकृत)

श्री गोविन्द प्रसाद पौडेल (अधिकृत)

श्री दुर्गा बहादुर राना

## देवघाट गाउँपालिका

**वैठक संख्या ७०** **मितिः २०७८/०२/२१**

**प्रस्तावहरु:**

१. समिक्षा तथा जानकारी ................
२. स्थानीय खेलग्राम कोटा (कोटा रंगशाला) को संशोधित लागत अनुमान स्वीकृत गर्ने सम्बन्धमा ।
३. अपिल अनुमोदन सम्बन्धमा ।
४. स्वतन्त्र युवा समुह, देवघाटबाट मिति २०७८/०२/२० गते ज्ञापन पत्रबाट माग गरिएको विवरण सम्बन्धमा ।

**निर्णयहरु:**

१. पूर्व वैठकका निर्णयहरुको कार्यान्वयनको स्थिति, कामको प्रगतीको बारेमा छलफल तथा समिक्षा एवं गाउँ कार्यपालिकाको कार्यालयबाट सम्पादन भएका कार्यहरुको समीक्षा गरियो ।
२. देवघाट १ कोटा स्थित स्थानीय खेलग्राम कोटा (कोटा रंगशाला) को लागि आ.व. २०७७/०७८ मा संघिय सरकार युवा तथा खेलकुद मन्त्रालयबाट रु. २५ लाख र देवघाट गा.पा. बाट रु. ५ लाख गरी जम्मा रु. ३० लाख बजेट विनियोजन भएकोमा मिति २०७८/०२/०२ मा उपभोक्ता समिति (देवघाट युवा तथा खेलकुद समिति) र देवघाट गाउँपालिकाबिच सम्झौता भएकोमा सम्झौताका बखतमा गरिएको ल.ई. को आधारमा भईरहेको कामलाई स्थलगत रुपमा अनुगमन/निरिक्षण हुँदा उपभोक्ता समितिका पदाधिकारी तथा स्थानीय सरोकावालाहरुबाट र वडाध्यक्ष सहितका पदाधिकारीहरुबाट प्राप्त भएको थप अध्ययन, राय सुझाव र परामर्शको आधारमा विस्तृत अध्ययन गरी प्राविधिक कर्मचारीबाट स्थलगत अवलोकन, अनुगमन र निरिक्षण गरी तयार गरिएको फिल्ड प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न कारण र औचित्य खुलाई भेरियसन सहितको संशोधित लागत अनुमान स्वीकृतिका लागि पेश भएकोमा सो उपर प्राविधिक कर्मचारीबाट समेत विस्तृत जानकारी लिई छलफल हुँदा उपभोक्ता समितिको माग, वडा कार्यालयको सिफारिस समेतलाई आधार मान्दा बजेटको सिमितता, समयको अपर्याप्तता जस्ता विविध कारणले गर्दा सम्झौता हुँदाका समयमा तयार गरिएको लगत ईस्टिमेटमा समावेश गरिएका खेल मैदानको कोर क्षेत्रबाहेकका आइटम समावेश गरी काम गर्दा खेलमैदान अपुरो र अधुरो हुने भएको देखिएकोले उक्त खेलमैदानलाई निर्माण कार्य सम्पन्न पश्चात प्रयोग तथा सञ्चालन हुन सक्ने नतिजालाई मध्यनजर गरी चालु आ.व.को कार्यक्रम कार्यान्वयनको लागि खेलमैदानको क्षेत्रभित्र मात्र सिमित हुने गरी संशोधित ल.ई.मा समावेश गरिएका निर्माण कार्यहरु सञ्चालन गर्ने र उक्त कार्यमा गाउँपालिकाको स्वीकृत रकमको परिधिभित्र रही भुक्तानी हुने गरी तयार गरिएको रु. ३७,२७,६०९.८० को भेरियसन सहितको संशोधित लागत अनुमान स्वीकृत गर्ने निर्णय गरियो ।
३. मिति २०७८/०२/२० गते देवघाट गाउँपालिका अध्यक्ष श्री दुर्ग बहादुर थापाज्यूबाट जारी भएको अपिल अनुमोदन गर्ने निर्णय गरियो ।
४. स्वतन्त्र युवा समुह, देवघाटबाट मिति २०७८/०२/२० गते ज्ञापन पत्रबाट माग गरिएको विवरणहरु प्रक्रिया पुराई उपलब्ध गराउने निर्णय गरियो ।

नरहरि सापकोटा
प्रमुख प्रशासकीय अधिकृत

दुर्ग बहादुर थापा
अध्यक्ष